# स्थानीय तहसँग साझेदारीमा नमुना माध्यमिक विद्यालय विकास कार्यक्रम

## सञ्चालन मार्गदर्शन, २०७९

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

सचिव

मन्त्री

सामाजिक विकास मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल

# स्थानीय तहसँग साझेदारीमा नमुना माध्यमिक विद्यालय विकास कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९

सार्वजनिक विद्यालयमा समान शैक्षिक पहुँच, सूचना प्रविधिको अधिकतम प्रयोग सहित आधुनिक शिक्षण विधिमार्फत नवप्रवर्तनात्मक अभ्यासबाट विद्यार्थीहरूको सिकाइ उपलब्धि उच्च बनाउँदै विद्यालयको भौतिक तथा शैक्षिक पक्षको विकास गर्दै सार्वजनिक विद्यालयलाई अभिभावक तथा बालबालिकाको पहिलो रोजाइको विद्यालयको रुपमा विकास गर्न तथा विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिमा नेतृत्वदायी भूमिका खेल्न सक्ने विद्यालयको रूपमा विकास गर्न विद्यालय क्षेत्र विकास योजनाको अवधारणा अनुसार प्रदेश स्तरमा नमुना विद्यालयको छनोट, विकास, सञ्चालन तथा व्यवस्थापनलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

प्रदेश विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो मार्गदर्शन स्वीकृत गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस मार्गदर्शनको नाम "स्थानीय तहसँग साझेदारीमा नमुना माध्यमिक विद्यालय विकास कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९" रहेको छ ।

(२) यो मार्गदर्शन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो मार्गदर्शन नमुना माध्यमिक विद्यालय विकासका लागि मन्त्रालयबाट छनोट भएका माध्यमिक विद्यालयहरूको हकमा मात्र लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अको अर्थ नलागेमा यस मार्गदर्शनमा,-

(क) "कार्यक्रम" भन्नाले यस मार्गदर्शन बमोजिम सञ्चालन हुने स्थानीय तहसँग साझेदारीमा नमुना माध्यमिक विद्यालय विकास कार्यक्रम सम्झनु पर्छ।

(ख) "नमुना विद्यालय" भन्नाले कार्यक्रमका लागि मन्त्रालयबाट छनोट भई तोकिए अनुसारको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका कार्यक्रम कार्यान्वयन हुने माध्यमिक विद्यालय सम्झनु पर्छ।

(ग) "प्रधानाध्यापक" भन्नाले कार्यक्रम प्राप्त नमुना विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले कोशी प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ङ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले नमुना विद्यालयको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

मन्त्री

सचिव

(च) "स्थानीय तह" भन्नाले नमुना विद्यालय रहेको स्थानको गाँउपालिका/ नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिका सम्झनु पर्छ।

## परिच्छेद-२

## कार्यक्रमको उद्देश्य, क्षेत्र र समयावधि

३. कार्यक्रमको उद्देश्य: कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन्:-

(क) नमुना विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनका लागि मार्गदर्शन गर्नु,

(ख) गुणस्तरीय तथा समतामूलक शिक्षामा बालबालिकाहरूको सहज पहुँचको आधार तयार गर्नु,

(ग) विद्यालयको शासकीय प्रबन्धमा विशेष व्यवस्था गरी उच्च नतिजाका लागि प्रोत्साहन गर्नु,

(घ) गुणस्तरीय शिक्षाका लागि विद्यालयहरूबीच प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्नु,

(ङ) विद्यालयहरूको सक्षमतामा सुधार गरी रूपान्तरणको गतिलाई तीव्रता प्रदान गर्नु,

(च) नमुना विद्यालय विकासका लागि छनोट भएका विद्यालयहरूमा विद्यालय विकास गुरूयोजना तर्जुमा गर्नु ।

४. कार्यक्रम सञ्चालन हुने क्षेत्र र समयावधि: (१) नेपाल सरकारबाट नमुना विद्यालय विकास कार्यक्रम नपरेका कोशी प्रदेशका स्थानीय तहका मन्त्रालयले छनोट गरेका माध्यमिक विद्यालयहरू कार्यक्रमको क्षेत्र हुनेछ ।

(२) कार्यक्रमको समयावधि स्थानीय तह र मन्त्रालयको नीति तथा कार्यक्रम र बजेटमा समावेश भए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## नमुना विद्यालय छनोट

५. सूचना प्रकाशन र आवेदन दिनुपर्ने: (१) मन्त्रालयबाट कार्यक्रममा सहभागी हुन इच्छुक माध्यमिक विद्यालयहरूबाट आवेदनका लागि सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशित भइसकेपछि मापदण्ड पुरा गरेका माध्यमिक विद्यालयहरूले देहाय बमोजिमका कागजातहरू संलग्न गरी सूचनामा तोकिएको समय भित्र मन्त्रालयसमक्ष आवेदन दिनुपर्नेछ:-

मन्त्री

सचिव

(क) नमुना विद्यालयको विकास र सञ्चालनमा आवश्यक सहयोग, समन्वय र साझेदारी गर्ने व्यहोरा खुलेको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,

(ख) संघ, प्रदेश र स्थानीय तह लगायतका निकायबाट समय-समयमा प्राप्त हुने मार्गदर्शन अनुरूप कार्य गर्न विद्यालय व्यवस्थापन समितिको प्रतिबद्धता सहितको निर्णयको प्रतिलिपि,

(ग) सूचनामा उल्लिखित अन्य कागजातहरू।

६. <u>विद्यालय छनोटको मापदण्ड तथा अङ्कभार:</u> (१) मन्त्रालयले दफा ५ बमोजिम प्राप्त आवेदनहरूको छानबिन गरी रीतपूर्वक आवेदन दिने विद्यालयको आवश्यकता अनुसार स्थलगत अनुगमन समेतका आधारमा मापदण्ड बमोजिम रहेका विद्यालयहरूको प्रारम्भिक मूल्याङ्कन गरी प्राप्ताङ्कको समष्टिगत तालिकासहित प्रत्येक स्थानीय तहका उच्चतम अङ्क प्राप्त गर्ने बढीमा दुईवटा विद्यालयहरूको प्रारम्भिक मूल्याङ्कनको सत्यापन गराउनेछ।

(२) उपदफा (१) बमोजिमको सत्यापनबाट प्राप्त नतिजा र प्रतिवेदनका आधारमा मन्त्रालयले नमुना विद्यालयको छनौट गरी सो को जानकारी सम्बन्धित विद्यालयलाई दिनेछ।

(३) उपदफा (१) बमोजिमको नमुना विद्यालय छनोटको मापदण्ड र मूल्याङ्कनको अङ्कभार अनुसूची-१ बमोजिम हुनेछ।

७. <u>गुरुयोजना पेश गर्नुपर्ने:</u> (१) दफा ६ बमोजिम नमुना विद्यालयको रुपमा विकास गर्न विद्यालय छनोट भएको जानकारी मन्त्रालयले सम्बन्धित विद्यालयलाई दिएपश्चात उक्त विद्यालयको विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र शिक्षक कर्मचारीको संयुक्त बैठक बसी यसै मार्गदर्शन बमोजिमका प्रक्रिया र आधारहरू तथा पछि समय-समयमा प्राप्त हुने निर्देशन बमोजिम काम गर्ने प्रतिबद्धता सहितको निर्णय गरी तीन वर्षभित्र नमुना विद्यालयको रुपमा विकास गर्न शैक्षिक तथा भौतिक पूर्वाधार विकासका लागि लागत अनुमान सहितको एक नमुना विद्यालय विकास गुरुयोजना तर्जुमा गरी विद्यालयले सम्बन्धित स्थानीय तह र मन्त्रालयसमक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालयले गुरुयोजना तर्जुमा गर्दा कुल वार्षिक बजेटको सत्तरी प्रतिशत भौतिक सुविधा बिस्तारमा र तीस प्रतिशत शैक्षिक तथा व्यवस्थापकीय पक्ष सुधारमा खर्च हुने गरी गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको गुरुयोजना स्थानीय तहबाट स्वीकृति पछि मात्र कार्यान्वयन हुनेछ।

(४) गुरुयोजनामा समावेश गर्नु पर्ने विद्यालय विकासका कार्यक्रमहरू अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ।

सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

परिच्छेद-४

## कार्यक्रम कार्यान्वयनमा सम्बद्ध पक्षको भूमिका

८. स्थानीय तहको भूमिका: (१) यस मार्गदर्शनमा अन्यत्र उल्लिखित कुराको अतिरिक्त कार्यक्रम कार्यान्वयनमा स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछ:-

(क) आफ्नो क्षेत्र भित्र सञ्चालन भएका विद्यालयहरूमध्ये बाट नमुना विद्यालय छनोटका लागि सिफारिस गर्ने,

(ख) मन्त्रालयबाट छनोट भएका नमुना विद्यालयको गुरूयोजना स्वीकृत गर्ने, कार्यान्वयनका लागि स्रोत व्यवस्थापनमा सहयोग गर्ने र कार्यान्वयनको अनुगमन गर्ने,

(ग) नमुना विद्यालयको योजना सम्बन्धी अभिलेख अद्यावधिक गराउने र योजनाको अनुगमन गरी पृष्ठपोषण दिने,

(घ) विद्यालय व्यवस्थापन समितिलाई स्थानीय स्रोत साधनको पहिचान र परिचालनमा सहयोग पुऱ्याउने,

(ङ) नमुना विद्यालय विकासका लागि विद्यालयको स्वीकृत गुरूयोजना अनुसार भौतिक सुविधासँग सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्ने र शैक्षिक तथा व्यवस्थापकीय सुधारतर्फका कार्यक्रम कार्यान्वयनका लागि विद्यालयसँग प्रस्ताव लिइ सम्झौता गरी निकासा दिने,

(च) नमुना विद्यालय विकास सम्बन्धी कार्यमा विद्यालयसँग समन्वय गर्ने तथा कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(छ) नमुना विद्यालय विकास तथा सञ्चालनका सम्बन्धमा विद्यालय व्यवस्थापन समितिसँग सम्झौता गर्ने।

९. विद्यालय व्यवस्थापन समितिको भूमिका: (१) यस मार्गदर्शनमा अन्यत्र उल्लिखित कुराको अतिरिक्त कार्यक्रम कार्यान्वयनमा विद्यालय व्यवस्थापन समितिको भूमिका देहाय बमोजिम हुनेछ:-

(क). प्रचलित शिक्षा नियमावलीमा व्यवस्था भए अनुसार प्रधानाध्यापक नियुक्ति गर्ने,

(ख) नमुना विद्यालय विकासका लागि गुरूयोजना तयार गरी स्वीकृतिका लागि सम्बन्धित स्थानीय तहमा पेश गर्ने,

(ग) आफ्नो विद्यालयको नियमित अनुगमन गर्ने र विद्यालय सुधार योजना बनाउने तथा अद्यावधिक गर्ने,

(घ) विद्यार्थी सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक सामग्रीको व्यवस्थापन गर्ने,

सचिव



मन्त्री

(ङ) विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि तथा विकासका लागि विभिन्न उपसमितिहरू बनाई कार्य जिम्मेवारी दिने,

(च) नमुना विद्यालय विकासका लागि स्थानीय तहबाट गरिने कार्यहरूका सम्बन्धमा आवश्यक समन्वय गर्ने तथा विद्यालयबाट गरिने कार्यहरू कार्यान्वयनका लागि आवश्यक प्रबन्ध गर्ने।

१०. <u>शिक्षक अभिभावक संघको भूमिकाः</u> विद्यार्थीको नियमितता र सिकाइ उपलब्धि बृद्धिका लागि गुरूयोजनामा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्ने गराउने भूमिका शिक्षक अभिभावक संघको हुनेछ।

११. <u>प्रधानाध्यापकको भूमिकाः</u> (१) यस मार्गदर्शनमा अन्यत्र उल्लिखित कुराको अतिरिक्त कार्यक्रम कार्यान्वयनमा विद्यालयका प्रधानाध्यापकको भूमिका देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सुधार योजना तथा विद्यालयको वार्षिक बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराउने,

(ख) नमुना विद्यालय विकासका लागि गुरूयोजना तयार गर्न विद्यालय व्यवस्थापन समितिसँग आवश्यक समन्वय गर्ने,

(ग) नमुना विद्यालय विकासका लागि तयार भएको गुरूयोजना स्थानीय तहबाट स्वीकृत गराउन आवश्यक समन्वय गर्ने,

(घ) गुरूयोजनामा विद्यालयको शैक्षिक तथा व्यवस्थपकीय सुधारका लागि समावेश भएका कार्यक्रमहरू कार्यान्वयनका लागि प्रस्ताव तयार गर्ने, व्यवस्थापन समितिबाट स्वीकृत गराउने र स्थानीय तहसँग सम्झौता गरी कार्यान्वयन गर्ने, गराउने,

(ङ) विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग कार्य सम्पादन करार गरी सो को मूल्याङकनका आधारमा प्रोत्साहन गर्ने,

(च) विद्यालयका लागि खरिद योजना निर्माण गरी कार्यान्वयन गर्ने गराउने,

(छ) प्रचलित शिक्षा ऐन तथा नियमावली अनुसार प्रधानाध्यापकले गर्ने कार्य गर्ने र नमुना विद्यालय विकासका लागि तयार भएको गुरूयोजनामा समावेश प्रधानाध्यापकले गर्नु पर्ने कार्यक्रमहरू कार्यान्वयन गर्ने।

## परिच्छेद-५

## <u>विविध</u>

१२. <u>अनुगमनः</u> (१) मन्त्रालय तथा स्थानीय तहबाट समय-समयमा कार्यक्रमको स्थलगत अनुगमन गरिनेछ।

सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

(२) उपदफा (१) बमोजिम गरिएको अनुगमनमा विद्यालयबाट आवश्यक समन्वय तथा सहजीकरण गर्नु पर्नेछ।

१३. <u>संशोधन र खारेजी:</u> यस मार्गदर्शनको आवश्कता अनुसार संशोधन तथा खारेजी गर्ने अधिकार मन्त्रालयमा निहित रहनेछ।

मन्त्री

सचिव

अनुसूची-१

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

नमुना विद्यालय छनोटको मापदण्ड र मूल्याङ्कनका लागि तोकिएको अङ्कभार

| क्र.सं. | मापदण्ड | अङ्क | कैफियत |
|---|---|---|---|
| १. | पढाइ हुने विषयहरू | ५ | |
| | एक विषय समूह मात्र पढाइ हुने भएमा | ३ | |
| | दुइ विषय समूह(जस्तै वाणिज्य समूह शिक्षा समूहको पढाइ हुने भएमा) | ५ | |
| २. | विद्यालयको नाममा रहेको जग्गा | १० | |
| | हिमाली जिल्लामा विद्यालयको हाता भित्र १० रोपनी भए | १० | |
| | हिमाली जिल्लामा विद्यालयको हाता भित्र ५ रोपनी देखि बढी भए | ५ | |
| | पहाडी जिल्लामा विद्यालयको हाता भित्र १० रोपनी भए | १० | |
| | पहाडी जिल्लामा विद्यालयको हाता भित्र ५ रोपनी देखि बढी भए | ५ | |
| | तराइ जिल्लामा विद्यालयको हाता भित्र १.५ देखि २ बिघा भए | १० | |
| | तराइ जिल्लामा विद्यालयको हाता भित्र १५ कठ्ठा देखि १.५ बिघासम्म भए | ५ | |
| ३. | विद्यालय विद्यार्थी अनुपात | १५ | |
| | आधारभूत तह कक्षा १-८ | | |
| | सम्वन्धित स्थानीय तहको विद्यालय विद्यार्थी अनुपात भन्दा बढी भएमा | ५ | |
| | सम्वन्धित स्थानीय तहको विद्यालय विद्यार्थी अनुपात बराबर भएमा | ३ | |
| | माध्यमिक तह कक्षा ९-१२ | | |
| | सम्वन्धित स्थानीय तहको विद्यालय विद्यार्थी अनुपात भन्दा बढी भएमा | १० | |
| | सम्वन्धित स्थानीय तहको विद्यालय विद्यार्थी अनुपात बराबर भएमा | ५ | |
| ४. | विगत ३ वर्षको कक्षा १० को परीक्षा (SEE) नतिजा | | |
| | सम्मिलित सङ्ख्या | ५ | |
| | हिमाली जिल्लामा विगत ३ वर्षको औषत सहभागी सङ्ख्या ४० वा सो भन्दा बढी भएमा | ५ | |
| | हिमाली जिल्लामा विगत ३ वर्षको औषत सहभागी सङ्ख्या २५ देखि ३९ सम्म भएमा | ३ | |
| | पहाडी जिल्लामा विगत ३ वर्षको औषत सहभागी सङ्ख्या ४५ वा सो भन्दा बढी भएमा | ५ | |
| | पहाडी जिल्लामा विगत ३ वर्षको औषत सहभागी सङ्ख्या ३० देखि ४४ सम्म भएमा | ३ | |
| | तराइ जिल्लामा विगत ३ वर्षको औषत सहभागी सङ्ख्या ५० वा सो भन्दा बढी भएमा | ५ | |

| | | | |
|---|---|---|---|
| | तराइ जिल्लामा विगत ३ वर्षको औषत सहभागी सङ्ख्या ३५ देखि ४९ सम्म भएमा | ३ | |
| | उत्तीर्ण प्रतिशत | २ | |
| | १.६ भन्दा बढी GPA प्राप्त गर्नेको ३ वर्षको औषत प्रतिशत ७५ वा सो भन्दा बढी भए | २ | |
| | १.६ भन्दा बढी GPA प्राप्त गर्नेको ३ वर्षको औषत प्रतिशत ५० देखि ७४ सम्म भए | १.५ | |
| | १.६ भन्दा बढी GPA प्राप्त गर्नेको ३ वर्षको औषत प्रतिशत ५० सम्म भए | १ | |
| | अघिल्लो वर्षको शैक्षिक सत्रको औषत GPA | १३ | |
| | ३.६ देखि ४ प्राप्त गर्नेको विगत ३ वर्षको प्रतिशत ५ वा सो भन्दा बढी भए | ३ | |
| | ३.६ देखि ४ प्राप्त गर्नेको विगत ३ वर्षको प्रतिशत ३ देखि ५ सम्म भए | २ | |
| | ३.२ देखि ३.६ प्राप्त गर्नेको विगत ३ वर्षको प्रतिशत १० भन्दा बढी भए | २ | |
| | ३.२ देखि ३.६ प्राप्त गर्नेको विगत, ३ वर्षको प्रतिशत ५ देखि १० सम्म भए | १ | |
| | २.८ देखि ३.२ प्राप्त गर्नेको विगत ३ वर्षको प्रतिशत २० भन्दा बढी भए | २ | |
| | २.८ देखि ३.२ प्राप्त गर्नेको विगत ३ वर्षको प्रतिशत १० देखि २० सम्म भए | १ | |
| | २.४ देखि २.८ प्राप्त गर्नेको विगत ३ वर्षको प्रतिशत ३० भन्दा बढी भए | २ | |
| | २.४ देखि २.८ प्राप्त गर्नेको विगत ३ वर्षको प्रतिशत २० देखि ३० सम्म भए | १ | |
| | २ देखि २.४ प्राप्त गर्नेको विगत ३ वर्षको प्रतिशत ४० भन्दा बढी भए | २ | |
| | २ देखि २.४ प्राप्त गर्नेको विगत ३ वर्षको प्रतिशत ३० देखि ४० सम्म भए | १ | |
| | १.६ देखि २ प्राप्त गर्नेको विगत ३ वर्षको प्रतिशत ५० भन्दा बढी भए | २ | |
| | १.६ देखि २ प्राप्त गर्नेको विगत ३ वर्षको प्रतिशत ४० देखि ५० सम्म भए | १ | |
| ५. | स्थानीय समुदायमा विद्युत र इन्टरनेटको पहुँच | ५ | |
| | विद्युत आपूर्तिको व्यवस्था भएमा | ३ | |
| | विद्यालयमा इन्टरनेटको सुविधा भएमा | २ | |
| ६. | विद्यालयको अवस्थिति | १० | |
| | नगरोन्मुख वा सहरीकरण भइरहेको स्थानमा भएमा | ५ | |
| | स्थानीय तहको सदरमुकाम वा स्थानीय तहका अधिकाँशको पायक पर्ने स्थानमा रहेमा | १० | |
| ७. | स्थानीय तहको साझेदारी गर्ने प्रतिवद्धता | १० | |
| | २५ प्रतिशत भए | १० | |
| | २५ प्रतिशत भन्दा कम भए | ० | |

| | | | |
|---|---|---|---|
| ८. | विद्यालय व्यवस्थापन समिति | २ | |
| | गठन भइ क्रियाशिल रहेको | २ | |
| ९. | शिक्षक अभिभावक संघ | २ | |
| | गठन भइ क्रियाशिल रहेको | २ | |
| १०. | विद्यालय सुधार योजना | २ | |
| | ५ वर्षको निर्माण गरेको | १ | |
| | वार्षिक रुपमा अद्यावधिक गरेको | १ | |
| ११. | सामाजिक परीक्षण र लेखा परीक्षण | ३ | |
| | सामाजिक परीक्षण | | |
| | तोकिएको समयमा गरेको भएमा | १ | |
| | लेखा परीक्षण | | |
| | अघिल्लो आ.व. सम्मको लेखा परीक्षण गराएको भएमा | २ | |
| | अघिल्लो आ.व. भन्दा अघिसम्मको लेखा परीक्षण गराएको भएमा | १ | |
| १२. | तोकिएको समयमा विद्यालयको तथ्याङ्क सम्बन्धित निकायमा पेश गरेको | २ | |
| | तोकिएको समयमा पेश गरेको भए | २ | |
| १३. | अघिल्लो वर्षको शैक्षिक सत्रमा विद्यालय खुलेको दिन | २ | |
| | विद्यालय खुलेको दिनको ९० प्रतिशत भन्दा बढी खुलेको भए | २ | |
| | विद्यालय खुलेको दिनको ८७ देखि ९० प्रतिशत सम्म खुलेको भए | १ | |
| १४. | अघिल्लो वर्षको शैक्षिक सत्रमा पढाइ भएको दिन | २ | |
| | विद्यालय खुलेको दिनको ९० प्रतिशत भन्दा बढी भए | २ | |
| | विद्यालय खुलेको दिनको ८७ देखि ९० प्रतिशत सम्म भए | १ | |
| १५. | अघिल्लो वर्षको शैक्षिक सत्रमा औषत शिक्षक उपस्थिति दिन | २ | |
| | विद्यालय खुलेको दिनको ९० प्रतिशत भन्दा बढी भए | २ | |
| | विद्यालय खुलेको दिनको ८७ देखि ९० प्रतिशत सम्म भए | १ | |
| १६. | अघिल्लो वर्षको शैक्षिक सत्रमा औषत विद्यार्थी उपस्थिति दिन | २ | |
| | विद्यालय खुलेको दिनको ९० प्रतिशत भन्दा बढी भए | २ | |
| | विद्यालय खुलेको दिनको ८७ देखि ९० प्रतिशत सम्म भए | १ | |
| १७. | शिक्षणको माध्यम | २ | |

मन्त्री

सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

| | | | |
|---|---|---|---|
| | | २ | |
| | नेपाली र अङ्ग्रेजी दुवै भए | १ | |
| | अङ्ग्रेजी मात्र भए | १ | |
| | नेपाली मात्र भए | १ | |
| १८. | विद्यालयका शिक्षक तथा कर्मचारीका बालबालिका | १ | |
| | अनिवार्यरुपमा कार्यरत विद्यालयमा पढाउने व्यवस्था गरिएको | ३ | |
| १९. | विद्यार्थी सङ्ख्या र गुणस्तर बृद्धिका लागि सफल तथा सिर्जनशिल प्रयास | १ | |
| | व्यावहारिक र सीपमूलक अभ्यास | १ | |
| | सेवा क्षेत्र वाहिर र अन्य जिल्लाका विद्यार्थीको सहभागिता | १ | |
| | सिर्जनशिल अभ्यास भएमा | १ | |
| | पूर्व वद्यार्थी मञ्च गठन र परिचालन | १ | |
| | विद्यालयमा फुलवारी तथा करेसावारीको व्यवस्था | | |
| | जम्मा | १०० | |

(पुनश्चः माथि उल्लिखित बाहेक अन्य सिर्जनशिल अभ्यास भएमा बढीमा ५ ओटाको ३ अङ्क दिन सकिने ।)

सचिव

मन्त्री

अनुसूची-२

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

## नमुना विद्यालय विकास गुरूयोजनामा समावेश गर्नु पर्ने भौतिक तथा शैक्षिक पूर्वाधार तथा अन्य व्यवस्थापकीय पक्षहरू

### १. भौतिक पूर्वाधारहरू

नमुना विद्यालयको लागि आवश्यक भौतिक पूर्वाधारहरू देहाय बमोजिम हुनेछ । पूर्वाधार विकास गर्दा प्रचलित नियम तथा मापदण्ड अनुसार गर्नु पर्नेछ ।

(क) शिक्षण भवन तथा कक्षाकोठा: बालमैत्री, अपाङ्गमैत्री, विपद् प्रतिरोधात्मक साथै तोकिएको मापदण्ड अनुसार कक्षाकोठाको संख्या र पूर्वाधार उपलब्ध हुनेछ । आधुनिक शिक्षण पद्धति अनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सकिने गरी कक्षाकोठा व्यवस्थित गरिनेछ । प्रारम्भिक बालशिक्षाका लागि बालमैत्री राष्ट्रिय प्रारुप बमोजिमका पर्याप्त खेल तथा सिकाइ सामग्री सहितको छुट्टै कोठाको व्यवस्था हुनेछ ।

(ख) प्रशासनिक भवन: प्रधानाध्यापक, शिक्षक एवम् कर्मचारीका लागि छुट्टै प्रशासकीय भवन वा ब्लकको व्यवस्था हुनेछ ।

(ग) पुस्तकालय:- आधारभूत तह र माध्यमिक तहका लागि सबै विषय क्षेत्र समेटिएका छुट्टाछुट्टै पुस्तकालयको व्यवस्था हुनु पर्नेछ । पुस्तकालयलाई क्रमशः विद्युतीय पुस्तकालयको रुपमा विकास गर्दै लैजानु पर्नेछ ।

(घ) प्रयोगशाला:- विज्ञान विषय अन्तर्गत भौतिक विज्ञान, रसायन विज्ञान, जीवविज्ञान तथा प्राविधिक धारतर्फका विषय क्षेत्र अनुसार सबै विद्यार्थीहरूको सहज पहुँच हुनेगरी छुट्टा छुट्टै प्रयोगशालाको व्यवस्था गर्नु पर्नेछ । सूचना तथा सञ्चार प्रविधि प्रयोगशालामा नेटिवर्किङको व्यवस्था सहित प्रोजेक्टर लगायतका उपकरण र आवश्यकता अनुसार कम्प्युटरको व्यवस्था गर्नु पर्नेछ ।

(ङ) प्राथमिक उपचार तथा परामर्श कक्ष:- विद्यार्थीहरूको प्राथमिक उपचारका लागि आवश्यक स्वास्थ्य सामग्री सहितको छुट्टै प्राथमिक उपचार कक्षको व्यवस्था गर्नु पर्नेछ । स्वास्थ्य सेवा उपलब्ध गराउन एकजना स्वास्थ्य सहायकको व्यवस्था गर्नु पर्नेछ । विद्यालयस्तरमा प्राथमिक स्वास्थ्य सेवाका बारेमा अभिभावक तथा विद्यार्थीहरूलाई निरोधात्मक, उपचारात्मक एवम् सचेतनामूलक स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ । विद्यार्थीको आश्यकतानुसार विभिन्न दातृ संस्थासँगको सहकार्यमा ह्वील चेयर र स्टेचर, प्राथमिक उपचार बाकस आदिको समेत व्यवस्था गर्नु पर्नेछ । विद्यार्थीहरूको लागि

शैक्षिक परामर्श तथा मनोसामाजिक परामर्शका लागि परामर्श कक्षको व्यवस्था गर्नु पर्नेछ । परामर्शका लागि विद्यालयका शिक्षकहरूको क्षमता विकास गर्नु पर्नेछ ।

(च) व्यावसायिक कार्यशाला कक्ष:- विद्यालयको आवश्यकताअनुसार विद्यार्थीहरूलाई विद्यालय तहदेखि नै व्यावसायिक सीपतर्फ उन्मुख गराउनका लागि स्थानीय सम्भाव्यतामा आधारित विभिन्न पूर्व व्यावसायिक क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ । यसका लागि एक छुट्टै कार्यशाला कक्षको व्यवस्था गर्नु पर्नेछ ।

(छ) खानेपानी सरसफाई तथा स्वच्छता सुविधा:- विद्यालयमा सबै विद्यार्थी तथा शिक्षकहरूका लागि कम्तिमा ४० जना बराबर एउटा धारा हुने गरी सुरक्षित भण्डारण सहितको पर्याप्त तथा स्वच्छ पानीको व्यवस्था गर्नु पर्नेछ । ४० जना विद्यार्थी बराबर एउटा हुने गरी छुट्टाछुट्टै बालमैत्री, लैङ्गिक मैत्री, अपाङ्गमैत्री शौचालय तथा वातावरणमैत्री विद्यालयको व्यवस्था गर्नु पर्नेछ ।

(ज) चमेना गृह :- विद्यालयको हाताभित्र एकपटकमा एकसय जना विद्यार्थीले प्रयोग गर्न सक्ने चमेनागृहको व्यवस्था गर्नु पर्नेछ । आवासीय भवनका लागि भान्छाकोठा तथा खाना खाने कोठा छुट्टाछुट्टै व्यवस्था गर्नु पर्नेछ । आवासीय रुपमा रहने विद्यार्थी तथा अन्य विद्यार्थीहरूका लागि स्थानीयस्तरमा उत्पादन हुने खाद्य सामग्री समेत प्रयोग गरी सन्तुलित तथा पोषणयुक्त खाना तथा खाजाको व्यवस्था हुनु पर्नेछ ।

(झ) अडिटोरियम हल:- विद्यालयस्तरमा हुने सभा सम्मेलन, सास्कृतिक कार्यक्रम र आन्तरिक खेलकुद (Indoor-game) लगायतका क्रियाकलापहरू सञ्चालनका लागि आवश्यकता अनुसार विद्यालयमा कम्तिमा दुईसय जना क्षमता भएको एक अडिटोरियम हलको व्यवस्था गर्नु पर्नेछ ।

(ञ) घेरावार तथा बगैचा:- विद्यालयको हातामा सुरक्षित, बालमैत्री र वातावरणमैत्री घेरावार हुनु पर्नेछ । विद्यालयको घेरावार हरित विद्यालयको अवधारणा प्रवर्दन गर्ने हुनु पर्नेछ । विद्यालय हातामा करेसावारी तथा फुलबारी सहितको बगैंचा हुनु पर्नेछ । विद्यालयको हाताको कुल क्षेत्रफलको कम्तिमा बीस प्रतिशत क्षेत्र हरियाली क्षेत्र बनाउनु पर्नेछ ।

(ट) खेलमैदान:- भलिवल, टेबुलटेनिस र सम्पूर्ण विद्याथीहरूलाई एकैपटक प्रार्थाना गर्न पुग्ने तथा सम्भव भएसम्म फुटवल लगायतका अन्य खेलहरू खेल्नका लागि उपयुक्त खेलमैदान हुनु पर्नेछ ।

(ठ) वैकल्पिक विद्युत व्यवस्था:- विद्यालयमा सम्पूर्ण विद्युतीय उपकरण निरन्तर सञ्चालनका लागि आवश्यक बैकल्पिक उर्जा प्रणालीको व्यवस्था गर्नु पर्नेछ ।

२. <u>शैक्षिक पूर्वाधारहरू</u>

नमुना विद्यालयका लागि आवश्यक शैक्षिक पूर्वाधारहरु देहायबमोजिम हुनेछन्:-

(क) विद्यालय सञ्चालनका लागि आवश्यक पर्ने सबै तह र विषयका तथा विशेष आवश्यकता भएका बालबालिकाका लागि समेत तालिम प्राप्त शिक्षकहरू ।

सचिव मन्त्री

(ख) शिक्षण सिकाइ प्रकृया अपनाउँदा आधुनिक शिक्षण विधि र प्रविधि सहितको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन का लागि आवश्यक उपकरणहरू ।

(ग) विशेष आवश्यकता भएका बालबालिकाहरूलाई समेत मध्यनजर गरी शिक्षण सिकाइका लागि आवश्यक पर्ने उपयुक्त र पर्याप्त सिकाइ सामग्री ।

(घ) माध्यमिक तहमा विज्ञान विषयका लागि पर्याप्त सामग्रीसहितको प्रयोगशाला ।

(ङ) आधारभूत तहका विद्यार्थीहरूका लागि पूर्वव्यावसायिक सीपका अवसर ।

(च) राष्ट्रिय पाठ्यक्रम प्रारुपका आधारमा स्थानीय परिवेश र आवश्यकता अनुसारको स्थानीय पाठ्यक्रम

(छ) विद्यालयले सिकाइ, व्यवस्थापन तथा प्रवर्तनात्मक कार्यहरूको अनुभव आदान प्रदान गर्न आफ्नो सेवा क्षेत्र भित्रका अन्य विद्यालयहरू बीच सञ्जाल निर्माण गर्नु पर्नेछ साथै अन्य नमुना विद्यालयहरू बीच समेत सञ्जाल निर्माण गर्न सक्नेछ । विद्यालयले अन्य प्रदेशका शैक्षिक संस्था वा विद्यालयहरूसँग समेत सहकार्यका लागि सञ्जाल विस्तार गर्न सक्नेछ ।

(ज) विद्यालयले विद्यार्थी, शिक्षक तथा अभिभावक सहितको शैक्षिक अध्ययन, अवलोकन भ्रमण ।

(झ) शिक्षण सिकाइमा सूचना प्रविधिको अधिकतम प्रयोग गर्नु पर्नेछ । गणित, विज्ञान जस्ता विषयमा सूचना तथा प्रविधिमा आधारित अनलाइन विद्युतीय सिकाइका स्रोत सामग्रीहरूको प्रबन्ध ।

(ञ) विद्यालयको आफ्नो अद्यावधिक वेभ साइट र विद्युतीय सामाजिक सञ्जाल हुनेछ । विद्यालयका सम्पूर्ण गतिविधि वेभ साइट तथा विभिन्न सञ्जाल मार्फत सार्वजनिक गर्ने व्यवस्था ।

(ट) शिक्षण सिकाइ क्रियाकलापका लागि पर्याप्त सिकाइ सामग्रीको व्यवस्था ।

(ठ) विद्यालयले निर्माणात्मक र निरन्तर मूल्याङ्कन पद्धतिको प्रभावकारी रुपमा कार्यान्वयन ।

(ड) अन्य आवश्यक कार्यहरू।

३. <u>अन्य व्यवस्थापकीय पक्षहरू</u>

माथी उल्लिखित भौतिक तथा शैक्षिक पूर्वाधारका अतिरिक्त नमुना विद्यालयका लागि आवश्यक अन्य व्यवस्थापकीय पक्षहरू देहाय बमोजिम हुनेछन्:-

(क) विद्यालयको कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय लगायत विद्यालय हातामा हुने सबै गतिविधिहरूको अनुगमन गर्न सकिने गरी सिसि टिभिको व्यवस्था गर्नु पर्नेछ । शिक्षक तथा कर्मचारीको हाजिरी विद्युतीय रुपमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) विद्यालयले ५ वर्षे विद्यालय सुधार योजना बनाउनु पर्नेछ र प्रत्येक वर्ष अद्यावधिक गर्नुपर्नेछ ।

(ग) विद्यालयले तोकिए बमोजिम नियमितरुपमा सामाजिक तथा लेखा परीक्षण गर्नुपर्नेछ ।

(घ) विद्यालयले प्रत्येक त्रैमासिक र वार्षिक परीक्षाको नतिजा अभिभावक भेला गरी वितरण गर्नु पर्नेछ र सिकाइ सुधारका लागि परामर्श दिनुपर्नेछ ।

सचिव

मन्त्री

सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

(ङ) विद्यालयको समग्र व्यस्थापन हेर्न अधिकार सम्पन्न छुट्टै प्रधानाध्यापकको व्यवस्था गर्नु पर्नेछ । सहायक प्रधानाध्यापक तथा आवश्यकता अनुसार विषय प्रमुखको व्यवस्था प्रधानाध्यापकले तोके अनुसार हुनेछ ।

(च) विद्यालयमा बालक्लब, स्काउट र जुनियर रेडक्रस सर्कल गठन गरी क्रियाशिल गराउनु पर्नेछ ।

(छ) विद्यालयले विपद् व्यवस्थापन योजना बनाई सोको कार्यान्वयन गर्नु पर्नेछ ।

(ज) विद्यालयका सबै गतिविधिहरूमा अभिभावकहरूको पहुँच, सहभागीता, पारदर्शिता, जवाफदेहिताको सुनिश्चितता गर्नुपर्नेछ ।

(झ) विद्यालयले देहायबमोजिमका प्रतिवेदनहरू नियमित तथा अद्यावधिक रुपमा सम्प्रेषण गर्नुपर्नेछ ।

१. प्रत्येक विद्यार्थीको सिकाइ उपलब्धि सम्बन्धी प्रगति विवरण,
२. अभिभावक भेलामा पेश गर्नु पर्ने प्रतिवेदन,
३. लेखा परीक्षण प्रतिवेदन,
४. सामाजिक परीक्षण प्रतिवेदन,
५. विद्याथीको सिकाई उपलब्धि र विद्यालयको कार्य सम्पादन परीक्षणको प्रतिवेदन।

मन्त्री

सचिव